महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०७९/८०

स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा

८०७६९५०४३००

स्वामी कार्तिक गाउँपालिका , बाजुरा

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-७-२४

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा ,
स्वामी कार्तिक गाउँपालिका , बाजुरा

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन। राजस्व। धरौटी। अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०। ५। २७ मा छलफल पश्चात् तयार गरिएको पाना ३६ (छत्तिस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) मा ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत।कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

ध्रुव न्यौपाने
निर्देशक

बोधार्थ तथा कार्यार्थः
संघिय मामिलाा तथा सामान्य प्रशासन
मन्त्रालय सिंहदरवार काठमाण्डौ ,
info@mofaga.gov.np
कोष तथा लेखा नियन्त्रक कार्यालय वाजुरा,
bajura.dtco@fcgo.gov.np

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :-स्थानिय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्वतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकि, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्येश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्येश्य रहेको छ। यस पालिका अन्तर्गत ५वडा, २९ सभा सदस्य, ११०.५० वर्ग किलोमिटर क्षेत्रफल तथा १३०१३ जनसंख्या (राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक विवरण अनुसार) रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५ ।२३ देखि २०८०।५ । २७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजनतर्फ रु. , राजश्वतर्फ रु. , धरौटीतर्फ रु. , अन्य कारोबारतर्फ रु. , आय – व्ययतर्फ रु. सम्पत्ति तथा दायित्व तर्फ रु. को गरी जम्मा रु. ५०४८५७४३९।२९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा फिर्ता रु ४५८५४।००, विभिन्न कर्मचारी र पदाधिकारीको नपाउने वैठक भत्ता,यातायात सुविधा ,अनुगमन भत्ता,पदाधिकारी दशै खर्च वढी भुक्तानि ,पदाधिकारी लुगा

भत्ता,कर्मचारी स्थानिय भत्ता लगायत विभिन्न कार्यक्रम मा वढी भुक्तानि वापत जम्मा रु ७७४६१३।०० राष्टिय वाणिज्य वैक कोल्टी शाखामा २५ थान भौचर वाट दाखिला भएको प्रमाण पेश भएको छ ।

२ **प्राप्ति भुक्तानि हिसाव**

प्राप्ती भुक्तानी हिसाव					
		यस वर्ष रु.		गतवर्ष रु.	
विवरण	टिप्पणी	बजेट	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		४७,४४,७९,६०५.८३	३५,४८,९२,०९८.९०	४०,६२,६२,६२४.०२	४१,३८,६२,६४४.०२
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४७,१४,२७,६४७.८३	३५,२४,२१,८५७.९०	४०,२९,९५,६८५.०२	४१,०५,९५,७०५.०२
११००० कर	११	७,२२,४८,०००.००	५,२४,६३,८५९.६६	५,३५,१२,१७२.११	५,३५,१२,१७२.११
१३००० अनुदान		३२,६७,८३,०००.००	२९,८५,२८,९८३.४४	३४,५०,४९,०००.००	३५,२६,४९,०२०.००
संघीय सरकार	१२	३१,३२,५५,०००.००	२८,६५,२६,२०२.५३	३२,३६,८४,०००.००	३३,१२,८४,०२०.००
प्रदेश सरकार	१२	१,३३,४८,०००.००	१,१९,४५,७७०.९१	२,१३,६५,०००.००	२,१३,६५,०००.००
अन्तरिक श्रोत		१,८०,०००.००	५७,०१०.००	०	०
१४००० अन्य राजस्व		७,९०,०००.००	१४,०९,२१४.८०	४४,३४,५१२.९१	४४,३४,५१२.९१
१५००० विविध प्राप्ति		५०,०००.००	१९,८००.००	०	०
३२००० वित्तीय सम्पत्ति		७,१५,५६,६४७.८३	०	०	०
ख. अन्य प्राप्ति		३०,५१,९५८.००	२४,७०,२४१.००	३२,६६,९३९.००	३२,६६,९३९.००
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		३०,५१,९५८.००	०	९,६५,०१३.००	९,६५,०१३.००
धरौटी		०	२४,७०,२४१.००	२३,०१,९२६.००	२३,०१,९२६.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
भुक्तानी (ग+घ)		४७,४४,७९,६०५.८३	४२,३१,५९,७२६.९६	३५,९४,३३,९७८.२८	३६,७०,३३,९९८.२८
ग. भुक्तानी (सञ्चित कोषबाट)		४७,१४,२७,६४७.८३	४१,८७,०१,९८७.३६	३५,५१,०८,७२१.२८	३६,२७,०८,७४१.२८
२१००० पारिश्रमिक / सुविधा	१८	११,२०,३८,३५०.००	९,९२,४४,४०६.३०	८,४५,६६,९५९.८२	८,४५,६६,९५९.८२
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१६,२६,५८,३५३.०९	१३,९६,३५,३५०.०६	१३,२६,११,९८२.३०	१३,४६,१२,००२.३०
२६००० अनुदान	१८	०	०	४०,१२,६७५.५२	४०,१२,६७५.५२
२७००० सामाजिक सुरक्षा	१८	७५,६५,०००.००	६८,७४,२६४.००	२,१०,९३,७४१.५०	२,१०,९३,७४१.५०

२८००० अन्य खर्च	१८	१६,४९,४९१.००	१३,७४,६५०.००	१३,३४,६५५.००	१३,३४,६५५.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१८,७५,१६,४५३.७४	१७,१५,७३,३१७.००	११,१४,८८,७०७.१४	११,७०,८८,७०७.१४
घ. अन्य भूक्तानी		३०,५१,९५८.००	४४,५७,७३९.६०	३५,९४,३३,९७८.२८	३६,७०,३३,९९८.२८
कोषहरु		३०,५१,९५८.००	२१,९६,७२४.०६	१२,३५,४३८.००	१२,३५,४३८.००
धरौटी		०	२२,६३,२००.००	३०,८९,८१९.००	३०,८९,८१९.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-२,१८४.४६		
ङ. यो वर्षको बचत (न्युन)			(६,८२,६७,६२८.०६)	४,६८,२८,६४५.७४	४,६८,२८,६४५.७४
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			८,०५,८३,३४०.३९	३,०५,२३,३९१.७९	३,०५,२३,३९१.७९
वर्षान्तको बाकी रकम (ङ + च)			१,२३,१५,७१२.३३	७,७३,५२,०३७.५३	७,७३,५२,०३७.५३
बैंक तथा नगद बाकी	२४		१,१९,३४,७६९.८३	७,७८,४७,०१४.८३	७,७८,४७,०१४.८३

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय बिबरणको परीक्षण**

वित्तीय प्रतिवेदन -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तिय विवरणको यथार्थता** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ५८३४५०००।०० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु ११०३७०००।०० गरी रु ६९३८२०००।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ

आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.२ **फरक हिसाव** पेश भएको म.ले. प. फा. नं. २७२ अनुसार बर्षान्तको बाँकी रकम रु.१,२३,१५,७१२।३३ देखाएको छ। तर बैँक तथा नगद बाँकीमा रु.१,१९,३४,७६९।८३ देखाएको छ। तर म. ले. प. फा. नं. २७२ को अनुसुची १४ मा खाता अनुसार रु.१,१९,३४,७६९।८३ र बैँक अनुसार रु.२,०८,३८,१०४।१५ बाँकी देखिन्छ। बैँकमा रु ८९,०३,३३४।३२ बढी देखिन्छ। बढी देखिएको रकम हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **फरक जिम्मेवारी** पालिकाले आफ्नो कारोवारको जिम्मेवारी भिडान गरी हिसाव एकीन गर्नुपर्दछ ।गत वर्षको बाँकी रु.७,७६,१५,३१८। ८३ रहेको छ। उक्त रकम यस वर्ष जिम्मेवारी सार्नुपर्नेमा रु. ८,०५,८३,३४०।३९ जिम्मेवारी सारेको छ। सार्नुपर्ने भन्दा बढी रु.२९,६८,०२१।५६ बढी जिम्मेवारी सारेको छ। बढी जिम्मेवारी सारेको रकमको हिसाब मिलान गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.४ **कट्टी कर दाखिला नभएको** आ. व. २०७९।८० मा कट्टी भएको अग्रिम कर रु.२,१८४।४६ दाखिला गर्न बाँकी रहेको छ। उक्त अग्रिम कर वापतको रकम दाखिला हुनुपर्दछ रु

क्रम	कर्मचारीको/फर्म/संगठन नाम	असुली रकम
३.४.१	स्वामि कार्तिक खापर गाउपालिका	२,१८५

असुल गर्नुपर्ने	२,१८५

४ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानून एंव कार्यविधि निर्माण गरे तापनि सो को प्रभावकारी कार्यान्वियन गरेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• मालसामन वा सेवा ऐन खरिदवापतको भुक्तानि गर्दा रु ५० हजार भन्दा वढिको रकम अनिवार्य रुपमा सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नुपर्नेमा कतिपय कार्यालयकै कर्मचारीको नाममा भुक्तानि दिने गरेको पाइयो ।

• कर्मचारीले एक पटक लिएको पेश्कि फर्छ्यौट नगरेको अवस्थामा पुन पेश्कि दिने गरेको देखियो ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्त विक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• स्थानिय तह संचालन ऐन,२०७४ को दफा ६५,६६,र ६७ क्रमश स्थानिय राजश्व परामर्श समिति स्रोत अनुमान र वजेट सीमा निर्धारण समिति र वजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाइएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला

ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७ **वजेट सिमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **वजेट पेश ,पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु ३७ करोड ९१ लाख ११ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **क्षेत्रगत वजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	२३०३९०००	१५००८०००।००	५.४५
२	पूर्वाधार विकास	६४९२४०००	५७८७२०००।००	२१.०३
३	सामाजिक विकास	३५८९००००।०	३४९८४०००।००	१२.७१
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	७५, ०० , ०००	७४६९०००।००	४.६७
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	१८७४२८०००।००	१५९८६००००।०	५८.०९
जम्मा			२७५१९३०००।	१००

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० को कूल खर्च मध्ये सबैभन्दा बढी कार्यसञ्चालन तथा प्रशासनिक विकासमा ५८.०९ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास सेवा प्रवाह र सुशासनमा ४.६७ प्रतिशत प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ११ जना (करार बाहेक) पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकिय अधिकृत, इन्जिनियर,लेखा अधिकृत सहित २८ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक ५० जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु १२९४४१२०।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

क्रम	कर्मचारीको नाम	असुली रकम
१२.१	स्वामिकार्तिक खापर गाउपालिका	१,२९,४४,१२०

अनियमित भएको	१,२९,४४,१२०

१३ **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	०
पञ्जिकरण तर्फ	
जन्मदर्ता	११७९
मृत्युदर्ता	१०४
बसाईसराई दर्ता	५२
विवाह दर्ता	११८
सम्बन्धविच्छेद दर्ता	१
प' र्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	०
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	०
ग्राभेल सडक मर्मत	०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

सैद्धान्तिक बेरुजु

१४ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ५ दरबन्दी भएकोमा २ वडामा पदपूर्ति भइ बाँकि ३ वडामा पद रिक्त भएको देखियो। सेवा प्रवाह गर्ने प्रमुख जिम्मेवारी रहेका पदमा पदपुर्ति नभई रिक्त रहेको र उक्त पदमा अन्य सेवाका कर्मचारीलाई जिम्मेवारी दिई कार्य संचालन गरेको देखियो। पालिकाले वडा सचिवको पदपूर्ति गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ ।

क्र. सं.	विवरण	योजना संख्या
१	रु १ लाख भन्दा कमको योजना	२०
	रु. १ लाख देखि २ लाख सम्मका योजना	१८
२	रु २ देखि पाँच लाख सम्मका योजना	४१
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	१०
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	६
	जम्मा	९५

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न.संघसंस्था र व्यक्तिहरुलाई रु १७८५६१०।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु १७१२६७२।३२ को १०४.२३ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु. ४९८९७९८।०० खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गरेको छैन ।

सैद्धान्तिक बेरुजु

१९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य

स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४८ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३७ वटा ऐन, ८ वटा नियमावली, ७० वटा कार्यविधि, निर्देशिका ११ लगायत १२६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।आवश्यक कानूनहरु तर्जुमा गरी कार्यन्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो बर्ष थप भएको १९ गरी जम्मा १९ वटा उजुरी परेको देखिन्छ ।सो मध्ये १० वटा फछयौट भइ ९ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **राजश्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ (१) मा राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन संभव नभए सो को भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिम ढाँचामा राजश्वको लेखा राखी बैँक दाखिला गर्नुपर्ने उल्लेख छ। सोही ऐनको उपदफा ४ मा सञ्चित कोषमा राजश्व दाखिला गर्दा तिन दिनभन्दा बढी अवधिसम्म दाखिला नगरेमा जम्मा गर्न बाँकी रकमको दश प्रतिशतका दरले हुन आउने रकम जरिवाना समेत दाखिला गर्नुपर्ने उल्लेख छ।पालिकामा नगदि रसिदबाट प्राप्त राजश्व निम्नानुसार घटि दाखिला भएको पाइएकोले दाखिला हुनुपर्ने रु.

वडा	कर्मचारीको नाम	उठेको राजश्व रकम	बैक दाखिला रकम	कैफियत
३		३, ३९ , २३१।४	३, ८६ , ०४५। ३२	ठेली नं. ३०१ - ४०० पालिकामा फिर्ता नआएको
४		२, ५६ , ५८५	२, ९८ , ६६०	ठेली नं. २९५१ - ३००० पालिकामा फिर्ता नआएको
५		१, ०३ , ०४९। ८४	१, १३ , १५५	
पालिका तर्फ		५, ६५ , ०४०	५, ६५ , ०४०	
एम्बुलेन्स तर्फ	कृति कट्टेल	८७,७००	६२,०००	२५, ७०० दाखिला बाँकि
गिट्टि बालुवा तर्फ	किशोर बुढा, रंगु बुढा , धिरेन्द्र सञ्ज्याल	३१,८००	२१,०००	१०, ८०० दाखिला बाँकि
	प्राप्त ठेलीअनुसार दाखिला हुन बाँकि रकम			३६५००

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
२२.१	स्वामि कार्तिक गाउपालिका	३६,५००

असुल गर्नुपर्ने	३६,५००

२३ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदाबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५, ९४ , २० , ०००।	१७१२६७२।३२	२.८९

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.८९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२४ **राजश्व अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्वको अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। पालिका र वडा कार्यालयमा प्रयोग भएका ठेलीहरु के कति छपाइ एंव प्रयोग भए सो को पुरा अभिलेख पालिकामा आएको देखिएन।अघिल्लो आ. व. को बाँकी रसिद ठेलीहरु के कति प्रयोग भएका यकिन गर्न सकिएन।कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

पालिकाले आगामी दिनमा रसिद नियन्त्रण र राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **रसिद नियन्त्रण खाताः**

पालिकाले रसिद नियन्त्रण खाता राख्दा तोकिएको ढाँचामा नगदि रसिद नियन्त्रण खाता म. ले. प. फा. नं. ९०४ साविक १०८ तयार नगरेकोले सो खाताले गत वर्षको नगदि रसिदको ठेली, यस वर्षको खरिद गरेको ठेलीको आम्दानी खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन। पालिकाले रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट गरि रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ। वडा नं. ३ को रसिद नं. २६७४ मा पँहेलो रसिद च्यातिएको र सेतो रसिदमा रकम उल्लेख नभएको पाइयो। यसरी रसिदको पहेँलो पाना च्यातिनु र सेतो पानामा रकम उल्लेख नहुनु आदि कारणबाट वडा नं. ३ आन्तरिक राजश्व प्राप्त रकम यकिन गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

२६ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	विवरण प्राप्त नभएको	७००९८१।००
घरजग्गा वहाल कर	विवरण प्राप्त नभएको	८७०२०।००
व्यवसाय कर	विवरण प्राप्त नभएको	०
वहाल विरौटी शुल्क	विवरण प्राप्त नभएको	०

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **धरौटी फिर्ता**

धरौटी फिर्ताः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) (क) मा विल विजकको भुक्तानीमा कट्टी गरिएको रिटेन्सन मनि बापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाले धरौटी फिर्ता गर्दा विभिन्न फर्मलाई मूल्य अभिवृद्धि कर समायोजन पत्र संलग्न नगरी धरौटी रकम फिर्ता गरेको देखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु. १२,७१,९११।

गो. भौ . नं ./ मिति	फर्मको नाम	रकम रु
५/ ०७९ / १० / ६	प्रसंशा निर्माण सेवा एण्ड अर्डर सप्लायर्स	३, ८० , ०००
७/ ०७९ / १० / १२	चन्दन कन्सट्रक्सन	१, २५ , ३५२
८/ ०७९ / १० / १३	आर डी पि कन्सट्रक्सन	१, ०१ , १३७
९/ ०७९ / १० / १५	शुननन्दा मष्टेश्वरी निर्माण सेवा	४, २३ , ८५३
१०/ ०७९ / १० / १५	आर डि पि कन्सट्रक्सन	१, २० , २८०
१७/ ०८० / ०२ / ३२	एम के निर्माण सेवा	१, २१ , २८९
जम्मा रकम		१२, ७१ , ९११

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
२७.१	प्रसंशा निर्माण सेवा एण्ड अर्डर सप्लायर्स	३,८०,०००
२७.२	चन्दन कन्सट्रक्सन	१,२५,३५२
२७.३	आर डि पि कन्सट्रक्सन	१,०१,१३७
२७.४	शुननन्दा मन्टेश्वरी निर्माण सेवा	४,२३,८५३
२७.५	आर डी पि कन्सट्रक्सन	१,२०,२८०
२७.६	एम के निर्माण सेवा	१,२१,२८९

प्रमाण पेश नगरेको	१२,७१,९११

२८ **पेश्कि बाँकि**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु ५३२८०००।०० बाँकी रहेको देखिन्छ ।

गौ.भौ.नं.। मिति	पेश्की लिने निर्माण व्ययवसायीको नाम	रकम	प्रयोजन	पेश्की लिएको मिति
51।2079/10/17	भक्त वहादुर कैला	३४५०००	कार्यक्रम खर्च	10/17/2079
276/2079/10/17	पुर्व जंग शाही	25000	पोषण मैत्रि पालिक र बालपोषण कार्यक्रम	2/24/2080
276/2079/10/17	पुर्व जंग शाही	12000	विविध खर्च	10/17/2079
76।2080/03/23	सुरक्षित नागरिक आवास कार्यक्रम संयुक्त पेश्की	4856000		०३/२३/२०८०
800।2080/3/23	रिता शाही	90000	उद्दार,राहत वितरण कार्यक्रम	3/23/2080
	जम्मा	५३२८०००।००		

क्रम	कर्मचारीको नाम	असुली रकम
२८.१	भक्त वहादुर कैला	३,४५,०००
२८.२	पुर्व जंग शाही	३७,०००
२८.३	सुरक्षित नागरिक आवास कार्यक्रम संयुक्त पेश्की	४८,५६,०००
२८.४	रिता शाही	९०,०००

पेश्की	५३,२८,०००

२९ पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाबाट यस वर्षको पदाधिकारीको सुविधामा निम्नानुसारको रु ४५४९५००।०० खर्च भएको छ।

सि.नं	विवरण वार्षिक खर्च लेख्नने	प्रमुख/	उपप्रमुख/	वडाअध्यक्ष.५ जना	कार्यपालिका सदस्य ५जना	सभाका सदस्य १७	जम्मा २९ जना
		अध्यक्ष	उपाध्यक्ष			जना	
१	बैठक भत्ता	0	0	0	0	0	0
२	यातायात खर्च	120000।	108000।	120000।	0	0	3, 48 , 000।
३	टेलिफोन, मोबाइल	72000	60000	210000	216000	360000	12, 66 , 000।
४	पुस्तक, पत्रीका ,	60000	54000	240000।	240000।	360000	5, 94 , 000।
	ईन्टरनेट						
५	समन्वय तथा सहजीकरण	108000	84000	360000	360000	540000	10, 92 , 000।
६	अतिथि सत्कार	120000	108000	420000	0	0	6, 48 , 000।
७	खानेपानी/बिजुली/	42000	36000	120000	144000	180000	5, 22 , 000।
	सरसफाई						
८	चाडपर्व खर्च	25000	22500	16000	9000	7000	79, 500।
	जम्मा						45, 49 , 500।

सैद्धान्तिक बेरुजु

३० स्थानिय भत्ता

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७४।१।२१ को निर्णय अनुसार दरवन्दि भित्रका करारका कर्मचारीहरुलाइ दिने सुविधा सम्वन्धि मिति २०७४।१।२५ को पत्राचारमा करार कर्मचारीहरुको सेवा सुविधामा स्थानिय भत्ता उल्लेख नभएकोले करार कर्मचारीहरुलाइ स्थानिय भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ । पालिकाले करारमा नियुक्ति भएका कर्मचारीलाइ गाउसभावाट निर्णय गरी स्थानिय भत्ता भुक्तानि दिएको देखिन्छ । पालिकाले करारका कर्मचारीलाइ स्थानिय भत्ता भुक्तानि दिएको असुल हुनुपर्ने रु

क्र स	कर्मचारीको नाम	भुक्तानि भएको महिना	दर	कर कट्टि पश्चात वार्षिक भुक्तानि
१	कानुन अधिकृत सुविस्त वहादुर शाही	१२	११८१०	१४१७२०।००
				१४०३०३।००

असुल गर्नुपर्ने

३१ **नाफामुलक संसथालाई अनुदान** (२४५-२०८०-२-२९):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । कार्यालयले रेडियो अपि एफ एम लाई २४५।२०८०।२।२९ बाट सामग्रि खरिद वापत रु ९०००००।उपलब्ध गराएको नियमसम्मत नदेखिएको रु ९०००००।

अनियमित भएको	९,००,०००

३२ **तालिम खर्च**

हिमालयन एकिकर्त ग्रामिण बिकास तथा अनुसन्धान केन्द्रलाई १-५ बडामा आमा समुह गठन तथा घर धुरी सर्बेक्षण वापत रु ७३०००००। भुक्तानि दिएकोमा निम्नानुसार देखियो ।

३२.१ बिभिन्न मितिमा सञ्चालित तालिम कार्यक्रममा खाजा खाना लगायतका खर्चको भुक्तानि भई सके पश्चात पनि मिति र स्थान समेत नखुलाई प्रति जनाको रु २०००। का दरले ४ वटा बिलको रु ६००००। भुक्तानि भएको छ। दोहोरो भुक्तानि भएको रकम असुल हुनु पर्दछ रु ६००००।

असुल गर्नुपर्ने	६०,०००

३२.२ दराज कार्पेट लगायत ३६ थरिका सामान खरिद वापत रु १२८०००। भुक्तानि दिएको छ। खरिद गरेका सामानको जिन्सी दाखिला गरेको देखिदैन । जिन्सी दाखिला नहुदा सामान खरिद गरेको एकिन हुन सकेन। जिन्सी दाखिला प्रमाण पेश हुनु पर्दछ अन्यथा असुल हुनु पर्ने रु १२८०००।

प्रमाण पेश नगरेको	१,२८,०००

३३ **मु अ कर दर्ता नभयकाबाट खरिद**

सार्बजनिक खरिद नियमावलि २०६४ को नियम १९ अनुसार बिस हजार भन्दा बढिको मालसामान खरिद गर्दा मु अ कर दर्ता गरेका फर्म वा संस्थाबाट खरिद गर्नु पर्ने उल्लेख छ । पालिकाले मालसामान खरिद गर्दा मु अ कर दर्ता नभएका फर्मबाट खरिद गर्ने गरेको छ। मु अ कर दर्ता प्रमाण पत्र भएका फर्मबाट सामान खरिद गर्नु पर्दछ। मु अ कर दर्ता गरेका फर्मबाट सामान खरिद गरेका केही उदाहरणहरु निम्नानुसार छन ।

भौ न मिति	फर्मको नाम	सामान	रकम
५७२।२०८०।२।१८	टि एस कम्युनिकेसन एण्ड मोबाईल ग्यालरी	मसलन्द सामान	९३४२०।
५८४।२०८०।२।२५	जगन्नाथ जयन्ति स्टोर	मसलन्द सामान	२८६७५०।
६४३।२०८०।३।६	पुर्णिमा फोटो स्टुडियो एण्ड स्टेशनरि स्टोर	मसलन्द सामान	१३५३९५।
३२१।२०८०।३।२१	टि एस कम्युनिकेसन एण्ड मोबाईल ग्यालरी	मसलन्द सामान	९१७००।
		जम्मा	६०७२६५।

सैद्धान्तिक बेरुजु

३४ **सामान मौज्दात रहेको**

बाढि पहिरो बिपतमा परेकालाइ बितरण गर्न भनि देहाय अनुसार सामान खरिद गरि भुक्तानि दिएको छ। खरिद गरेका सामान बाढि पहिरो बिपतमा परेकालाइ बितरण गरेको भरपाई लेखापरीक्षणको क्रममा स्रस्ता साथ संलग्न हुनु पर्नेमा सामान बितरण नगरि कार्यालयमा मौज्दात राखेको छ। कार्यालयमा मौज्दात रहने गरि सामान खरिद गर्नु हदैन। सामान बितरण गरेको भरपाई पेश हुनु पर्दछ रु

भौ न मिति	भुक्तानि पाउने	सामान	संख्या	रकम
६९४।२०८०।३।१२	गणपति प्लास्टीक	जग	१७७ थान	१३९५०।
		बेशिन	१४० थान	३५३९२।
		बकेट	१६८ थान	४७८८०।
		त्रिपाल पाईप		७१७८०१।
७३७।२०८०।३।१८	बिनोद शाहि	काउलि	६००प्याकेट	३६०००।
		बन्दा	६००प्याकेट	३६०००।
		रायो	८००प्याकेट	४००००।
		मुला	८००प्याकेट	३६०००।
७२८।२०८०।३।१८	भुवन देबि सप्लायर्स	ब्लांकेट	१२० थान	२२८४८६।
७२९।२०८०।३।१८	ऋषिराज ट्रेडर्स	गिलास	३५६	१३६००।
		डेक्चि	१३७	८२१०८।
		कराई	१३२	८३३५८।
		थाल	२२७	६४५९६।
		डाडु	१४०	११६१५।
		पन्यु	१२८	१०६६२।
		कचौरा	४००	१९०३४।
७३१।२०८०।३।१८	बागेश्वरी सप्लायर्स	झोला	५०	२०२७५०।
			जम्मा	१६७८३३२।

प्रमाण पेश नगरेको	१६,७८,३३२

३५ **समपुरकको बढि रकम खर्च**

नेपाल रसकारको समपुरक अनुदान सम्बन्धि कार्यबिधि २०७५ को ६(२) अनुसार नेपाल सरकारले गापालिकाले छनौट गरेका पुर्बाधार बिकास सम्बन्धि योजनामा पालिकाले पचास प्रतिशत रकम संघिय सरकारबाट पचास प्रतिशत रकम ब्यहोर्ने गरी सञ्चालित नाला फैता सिचाई आयोजनाको कुल लागत अनुमान रु १९१४२५७६। मा सबै भन्दा कम कबोल गर्ने हरि कृष्ण निर्माण सेवा संग रु ७०६८७२६। मा मिति २०७९।९।१४ मा २०८० असार मसान्त सम्म सम्पन्न गर्ने गरि संझौता भएको छ। असार मसान्त सम्म मात्र रु ४२२९७२४। को काम भएको छ भने बाकि काम आ ब २०८०।८१ भित्र सम्पन्न भएको जानकारि प्राप्त भएको छ। संघिय सरकारको ५० प्रतिसत र गाउ पालिकाको ५० प्रतिसत हुनु पर्नेमा निम्न भौ न मितिबाट पुरै संघिय सरकारको मात्र रकम खर्च भएको छ। गाउ पालिकाले खर्च ब्यहोरेको छैन । गाउ पालिकाले खर्च नब्यहोरेको कुल खर्चको ५० प्रतिसतले हुने रकम संघिय संचित कोषमा फिर्ता हुनु पर्दछ रु

भौ न मिति	रकम
४५। २०८०।२।३१	३१२२११७।
८४।२०८०।३।४	११०७६०७।
जम्मा	४२२९७२४।

प्रमाण पेश नगरेको	२१,१४,८६२

३६ **भुक्तानि दिन नमिल्ने** (७४-२०८०-३-२२):

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) अनुसार भुक्तानि दिदा रित पुगे नपुगेको एकिन गरि भुक्तानि दिनु पर्दछ। पालिकाले उद्द्योग बाणिज्य संघ कोल्टिका अध्यक्ष काशि राम कैलालाई उद्योगको कर दर्ता र कर चुक्ता लिने कार्यक्रम संचालन गर्दा भएको खर्च भनि रु ९०३००। भुक्तानि दिएको छ। कर दर्ता र कर चुक्ता लिने काम ब्यबसायिको अत्यन्त निजि काम भएकोले पालिकाले उक्त खर्चको भुक्तानि दिन मिल्दैन । नमिल्ने खर्च भुक्तानि भएको रकम असुल हुनु पर्दछ रु

असुल गर्नुपर्ने	९०,३००

३७ **बिमा नगरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेके लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

निर्माण व्यवसायी	काम	सम्झौता रकम
हरिकृष्ण निर्माण सेवा	नाला फैता सिचाई आयोजना	७०६८७२६।
रिप्सन कन्स्ट्रकसन एण्ड सप्लायर्स	भगवति आ बि भवन निर्माण	६६३२६२६
प्रतिक मल्टीटेक एण्ड अर्डर सप्लायर्स	तल्ला जालाबारा खानेपानि तथा सरसफाई	६७१९९४५।
बंगलामुखि मेनका जे भि	स्वास्थ्य भवन निर्माण	६३३९४३५९।
	जम्मा	२६७६०६५६।

सैद्धान्तिक बेरुजु

३८ **अर्थ मन्त्रालयको कार्यक्रम निर्देशिका बिपरित भुक्तानि**

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यक्रम निर्देशिका २०७५ मा एकै निकायमा कार्यरत कर्मचारि बैठक बसेमा बैठक भत्ता प्रदान नगर्ने उल्लेख छ। पालिकाले देहाय अनुसार खरिद कार्यको मुल्यांकन बैठक बसेको भनि भुक्तानि दिएको रु ९९६५०। निर्देशिकामा उल्लेख भय भन्दा बिपरित किसिमले भुक्तानि दिएको रु

भौ न मिति	काम	संख्या	कर कट्टी गरि भुतानि
५८८।२०८०।२।२५	खरिद कार्यको मुल्यांकन	८	३३१५०।
७४३।२०८०।३।१९	खरिद कार्यको मुल्यांकन	१४	६६५००।
		जम्मा	९९६५०।

असुल गर्नुपर्ने	९९,६५०

३९ **हेभी मेशिन प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
१२०।२०७९।११।१२	जेरा साप्टा सडक मर्मत उ स	जेरा साप्टा सडक मर्मत	२३७५०००।	एक्साभेटर	९०८३९०
१२५।२०७९।१२।२	नरपति नरजंग सडक उ स	नरपति नरजंग सडक	२८४०५००।	एक्साभेटर	१४१४१३८।
	जम्मा				२३२२५२८।

सैद्धान्तिक बेरुजु

४० **पेश्कि बाकि**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष स्वास्थ्य भवन निर्माणकार्यक्रममा बंगलामुखि मेनका जे भि लाई रु ६३३९०००।.पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **बढि भुक्तानि** (७-२०७९-६-१३):

धनगढि देखि स्वामिकार्तिक खापर १ सम्म ट्रान्सफर्मर ढुवानि वापत नरेन्द्र बि क लाई रु २४२२००। भुक्तानि दिएको छ। धनगढि बाट पिलिचौर सम्म ढुवानि वापत रु १०००००। खर्च लेखेको छ। धनगढि बाट पिलिचौर सम्मको ढुवानि रु ५००००। हुने अरु बेला सवारि साधन भाडा लिदा देखिन्छ। ५००००। बढि भएको देखिन्छ। त्यसै गरि पिलिचौर स्वामिकार्तिक खापर १ सम्म ४६ जनलाई ३ दिनको दैनिक ९००। का दरले १२४२००। भुक्तानि गरेको देखिन्छ। जुन अस्वाभाबिक देखिन्छ। एक ट्रान्सफर्मर ढुवानि गर्दा बढिमा १० जना लाग्नेमा ३६ जना बढि खर्च लेखेको छ। दुबै गरि बढि खर्च लेखेको रकम असुल हुनु पर्दछ रु १४७२००।

असुल गर्नुपर्ने	१,४७,२००

४२ **बढि भुक्तानि** (१४४-२०७९-११-२५):

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३०(१०) अनुसार भुक्तानि दिदा रित पुगे नपुगेको एकिन गरि भुक्तानि दिनु पर्दछ। सुनन्दा मा बि लाई ३ वटा कित्ताबाट २३९५ बर्ग मि जग्गा खरिद वापत प्रख्यात शाहिलाई रु ७७११९०। भुक्तानि दिएको छ। राजिनामा रु ७१८५००। मात्र उल्लेख छ। राजिनामा पत्रमा उल्लेख भय भन्दा बढि भुक्तानि भएको रकम असुल हुनु पर्दछ रु

असुल गर्नुपर्ने	५२,६९०

४३ **मर्मत खर्च वापत भुक्तानि**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) अनुसार भुक्तानि दिदा रित पुगे नपुगेको एकिन गरि भुक्तानि दिनु पर्दछ। पालिकाले देहाय अनुसार मोटर साईकल मर्मत गर्दा मोटर साईकल नम्बर समेत नखुलाई मर्मत शिर्षकमा रु ७९०५०। खर्च लेखेको छ। मोटर साईकल नम्बर समेत नखुलाई मर्मत शिर्षकमा खर्च लेखेको रकम एकिन गर्न सकिएन रु

भौ न मिति	रकम
५८९।२०८०। २।२६	४०३५०।
६५८।२०८०।३।७	३८७००।
जम्मा	७९०५०।

अनियमित भएको	७९,०५०

४४ **बढि भुक्तानि**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) अनुसार भुक्तानि दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानि दिनु पर्दछ। पालिकाले दान कुलो सिचाई आयोजनाको लागि बिनियोजित रकमबाट ठेक्का लगाई बचेको रकमबाट ठेक्का लिने निर्माण ब्याबसायि एम के निर्माण सेवा बाट कोटसनमा काम गराई १४।२०८०।३।२९ रु भुक्तानि दिएको छ। देहायका आईटममा उहि निर्माण ब्याबसायिले ठेक्कामा कबोल गरेको दर भन्दा कोटेसनबाट काम गराई बढि दरमा भुक्तानि दिएको छ। बढि दरमा भुक्तानि भएको रकम असुल हुनु पर्दछ रु ४२४५७९।

क्र स	काम	परिमाण	कोटेसन दर	ठेक्का दर	बढि दर	बढि भुक्तानि मु अ कर सहित
१	माटो खन्ने	२४।६८ घ मि	६७०	२००	४७०	१३१०७।
२	पि सि सि	२।५७ घ मि	२२३७५।	१२०००।	१०३७५	३०१३०।
३	स्टोन मेशोनरी	२६।०३ घ मि	१६०००।	१००००।	६०००।	१७६४८३।
४	आर सि सि वर्क	७।५९	२६०००।	१००००।	१६०००।	१३७२२७।
५	स्टिल वर्क	५०१ के जि	२०३	१५०	५३	३०००४।
६	फर्म वर्क	१०।३५ घ मि	१३८६	२००	११८६।	१३८७०।
७	प्लास्टरको काम	६२।१०	६३६	३००	३३६	२३७५८।
जम्मा						४२४५७९।

असुल गर्नुपर्ने	४,२४,५७९

४५ **अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले अनुत्पादक कार्यक्रममा खर्च गर्दा सो बाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । यस्ता खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

भौ न मिति	काम	रकम
२।२०७९।६।१२	वाई चौदासि मेला	२५००००।
४।२०७९।६।१३	दाह्रे मस्टा मेला	१०००००।
२००।२०८०।१।२७	बाहुनि कालिका मन्दिर	१८७१५०।
२०१।२०८०।१।२७	रुडिधलपुरा मन्दिर	१४२०००।
२४२।२०८०।२।२९	धिपाझाड मन्दिर	१९००००।
२४६।२०८०।३।३०	साहिमाडु मन्च देवल	३८००००।
	जम्मा	१२४९१५०।

सैद्धान्तिक बेरुजु

४६ **कार्यालयको स्विकृति बिना सुचना छपाई तथा भुक्तानि**

कार्यालयको स्विकृति बिना सुचना छपाई तथा भुक्तानि :पालिकाको आदेश बिना पालिकाका बिभिन्न गतिबिधि छपाई गरे वापत २९ वटा सञ्चार माध्यमलाई ३४४।२०८०।३।२३ बाट रु १३५५०००। भुक्तानि दिएको छ।गतिबिधि छपाई गर्ने पालिकाबाट पुर्ब स्विकृति लिएको देखिदैन। उक्त खर्च पुजिगत शिर्षकबाट भुक्तानि भएको छ। पुजिगत शिर्षकबाट पालिकाको स्विकृति चालु प्रकृति खर्चको भुक्तानि हुने कार्य नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **महोत्सब खर्च**

महोत्सब तथा अन्य खर्च : स्थानिय सरकार संचालन ऐन २०७४ ले संस्था समुह, पर्ब, जात्रा ,महोत्सब आदिमा खर्च गर्न सक्ने कानुनि ब्यबस्था देखिदैन।पालिकाले यो बर्ष देहाय अनुसारमहोत्सम लगायतका कार्यमा खर्च गरेको छ। यस्ता कार्यमा खर्च नियनत्रण गर्नु पर्दछ।

भौ. न . मिति	बिबरण	रकम
५१२।२०८०।१।२४	लोक तथा दोहरी गित प्रतियोगिता	४६०००।
७९४।२०८०।३।२०	माथिल्लो कर्णालि जल पर्यटन महोत्सब	१२४४४५५।
	जम्मा	१२९०४५५।

सैद्धान्तिक बेरुजु

४८ **पुजिगत शिर्षकबाट चालु प्रकृतिका खर्च**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३८(२)अनुसार जुन शिर्षकमा रकम बिनियोजन भएको हो सोहि शिर्षकमा खर्च गर्नु पर्दछ।पालिकाले देहाय अनुसार सवारी साधन र गाउपालिका भवन निर्माणमा बिनियोजन रकमबाट अनुगमन खर्च आर्थिक सहायता ईन्धन खरिद सवारी साधन मर्मत लगायत बिभिन्न शिर्षकमा खर्च गरेको छ ।लेखापरीक्षणको क्रममा शिर्षक फरक पारी खर्च लेखेको औल्याईकोमा पालिकाको मिति २०८०।६।३ को बिशेष गाउ सभाबाट शिर्षक फरक पारि खर्च गरेको रकम अनुमोदन गरेको छ। पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। तर पालिकाले पुजिगत शिर्षकबाट देहाय अनुसार चालु प्रकृतिका खर्च गरेको छ। पुजिगत शिर्षकबाट चालु प्रकृतिका खर्च गर्ने कार्य नियन्त्रण हुनु पर्दछ।केहि उदाहरण देहाय अनुसार छन्।

गो भौ नं मिति	बजेट कार्यक्रम	खर्च लेखेको	जम्मा
२६८।०८०।३।११	सवारी साधन	अनुगमन	७, ५८ , ९५६।
२७१।०८०।३।११	सवारी साधन	आर्थिक सहायता	५७,०२०
२७१।०८०।३।११	सवारी साधन	आर्थिक सहायता	१, ७० , ०००
२७९।०८०।३।१२	गा. पा . भवन निर्माण	मोटरसाइकल मर्मत	२३,४००
२८०।०८०।३।१२	गा. पा . भवन निर्माण	गाडी भवन	११,५००
२८१।०८०।३।१२	गा. पा . भवन निर्माण	अनुगमन	८,२५०
२८३।०८०।३।१३	गा. पा . भवन निर्माण	झो. पु . बाटो मर्मत	७, ६० , ०००
२८७।०८०।३।१५	सवारी साधन	कार्यालय सामान	१, ३७ , ०५०
२८८।०८०।३।१५	सवारी साधन	विविध खर्च	२३,८६०
२९२।०८०।३।१७	गा. पा . भवन निर्माण	सवारी साधन मर्मत	१, ३९ , ४००
२९३।०८०।३।१७	गा. पा . भवन निर्माण	सवारी साधन मर्मत	८६,५९५
२९६।०८०।३।१७	सवारी साधन	मसलन्द सामान	१, ५५ , ९२०
२९९।०८०।३।१८	सवारी साधन	मसलन्द सामान	१, ५३ , ५९९
३०१।०८०।३।१८	सवारी साधन	इन्धन खरिद	११, ०० , ०००
३०३।०८०।३।१९	सवारी साधन	मोटर मर्मत	२६,६९६
३०४।०८०।३।१९	गा. पा . भवन निर्माण	सुत्केरी आमालाई कोसेली	३, ०० , ०००
३०८।०८०।३।१९	सवारी साधन	धारा मर्मत	३०,४००
३१०।०८०।३।१९	सवारी साधन	कार्यालय सामान	१८,०५०
३१३।०८०।३।२०	सवारी साधन	अनुगमन	१, ६७ , ३५७
३२१।०८०।३।२१	सवारी साधन	कार्यालय सामान	९१,७००
३२३।०८०।३।२१	सवारी साधन	कार्यालय सामान	४३,२५०
३२४।०८०।३।२१	सवारी साधन	पाइप फर्निचर खरिद	६७,८७०
३२५।०८०।३।२१	गा. पा . भवन निर्माण	ल्यापटप मर्मत (डि . के . मोवाइल सप्लायर्स)	१, ३५ , ७००
३२६।०८०।३।२१	सवारी साधन	स्टेशनरी खरिद	१, ५३ , ९५०
जम्मा रकम			४६, २० , ५२३

सैद्धान्तिक बेरुजु

४९ **प्रदेश सरकारको बढि खर्च**

सुदुरपश्चिम प्रदेश समपुरक अनुदान सम्बन्धि कार्यबिधि २०७९ को बुदा नं. ६(१) अनुसार छनौट गरेको आयोजनाको कुल लागतको ५० प्रतिशत रकम प्रदेश सरकारको र ५० प्रतिशत रकम पालिकाको हुनु पर्ने उल्लेख छ ।प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम प्रदेश समपुरक अनुदान अन्तर्गत सञ्चालित ढिकुरी सिचाई आयोजनाको कुल लागत अनुमान रु ७९९८३३८। मा सबै भन्दा कम कबोल गर्ने बिन्द्रासैनि निर्माण सेवा संग रु ३६७२२८४। मा मिति २०७९।९।११ मा २०८० असार मसान्त सम्म सम्पन्न गर्ने गरि संझौता भएको

छ। असार मसान्त सम्म रु ३६२८९९४। को काम भएको छ। प्रदेश सरकारको र ५० प्रतिसत गाउ पालिकाको हुनु पर्नेमा निम्न भौ न मितिबाट निम्नानुसार खर्च भएको छ।प्रदेश सरकारको बढि खर्च भएको रकम प्रदेश संचित कोषमा दाखिला हुनु पर्दछ रु

भौ न मिति	रकम	कैफियत
५।२०७९।१०।१२	१३२०८३४।	प्रथम र बि प्रदेश सरकार
९।२०७९।१।१२	१६०००००।	अन्तिम बिल प्रदेश सरकार
१९६।२०८०।१।१२	७०८१६०।	अन्तिम बिल गा पा
जम्मा	३६२८९९४	

प्रमाण पेश नगरेको	११,०६,३३७

५० **जटिल प्राविधिक पक्ष** (३४१-२०८०-३-२२):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ३४१ बाट मस्थला मजेडा ग्रामीण विद्युतीकरण वापत रु ९५००००।भुक्तानि दिएको छ। जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ

सैद्धान्तिक बेरुजु

५१ **औषधि खरिद तर्फ**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १२ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष देहायका फर्मसँग रु २८५५९०२।०० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

गो. भौ. नं./मिति	फर्मको नाम	भुक्तानी रकम
१३०/०७९/८/२५	श्री देउती सर्जिमेड प्रा लि	९९८५९३।००
१३२/०७९/८/२५	श्री विग मेडिटेक	१८५५१९।००
१३३/०७९/८/२५	श्री एभेष्ट मेडिको फर्मा	१९९५००।००
८२०/०७९/८/२५	श्री एभेष्ट मेडिको फर्मा	४७५०००।००
९०/०७९/१/०७	श्री एभेष्ट मेडिको फर्मा	९९७२९०।००
जम्मा रकम		२८५५९०२

सैद्धान्तिक बेरुजु

५२ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा दफा ८५ मा रु. १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने,१० लाख भन्दा माथी २० लाख सम्म सिलवन्दी दरभाउको माध्यमवाट र सो भन्दा माथी वोलपत्रको माध्यम वाट खरिद गर्नु पर्ने उल्लेख छ ।त्यस्तै सोझै खरिद गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा वढीको खरिद गर्न नहुने एंव एउटा आपूर्ति कर्ता वाट एक पटक भन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै खरिद गरेको देखियो ।यसका केही उदाहरणहरु निम्नानुसार छन ।

गो भौ न	विवरण	फर्म	भुक्तानि रकम
१२४।०७९।८।०९	मसलन्द सामाग्रि खरिद	दाजुभाइ टेड्र्स	३५१४५३।००
१७८।०७९।९।०३	मसलन्द सामाग्रि खरिद	जगन्नाथ छापाखाना	२२७६५०।००
१७९।०७९।९।०३	मसलन्द सामाग्रि खरिद	वैण्णवी इन्टरप्राइजेज	१३२८४०।००
३१४।०७९।११।०२	मसलन्द सामाग्रि खरिद	फर्निसिङ्ग हाउस	१६२४३७।००
३११।०७९।१०।२३	कार्यालय सामग्री खरिद(ल्यापटप)	ग्यालेक्सी इन्फोसिस	८२८५२०।००
४४६।०७९।१२।०७	कार्यालय सामग्री खरिद(डेस्कटप प्रिन्टर कार्टिज)	एस के टेक्नो सप्लायर्श	७९४३९०।००
४७२।०८०।१।७	कार्यालय सामान	विभिन्न फर्म	३१२०४९
४७३।०८०।१।७	कार्यालय सामान	विभिन्न फर्म	८०००००
५११।०८०।१।४	कार्यालय सामान	विभिन्न फर्म	९१३३४६
	जम्मा		४५२२७२१।००

सैद्धान्तिक बेरुजु

५३ **अनुत्पादक खर्च**

सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नु पर्नेमा यस पालिकाले देहाय वमोजिमका अनुत्पादक प्रयोजनमा रु खर्च गरेको देखिन्छ । पालिकाले यस्तो खर्चमा निमितव्यिता कायम गर्नु पर्दछ । पालिकाले यस्तो खर्चमा नियन्त्रण गरी मितव्यिता कायम गर्नु पर्दछ ।

भुक्तानि पाउने समुह/फर्मको नाम	प्रयोजन	रकम
वाइ चौदशी मेला व्यवस्थापन	धार्मिक मेला तथा सँस्कृतिलाइ निरन्तरता	२५००००।००
दाह्रेमष्टा रमाल मेला व्यवस्थापन	मेला व्यवस्थापन	१०००००।००
विष्णु पर्व मेला व्यवस्थापन	मेला व्यवस्थापन	६००००।००
शिवरात्रि मेला व्यवस्थापन	मेला व्यवस्थापन	१२००००।००
लौठी थला मेला व्यवस्थापन समिति	मेला व्यवस्थापन	६००००।००
माथिल्लो कर्णाली जल पर्यटन महोत्वस	महोत्सव	१२०००००।००
जम्मा		१७९००००।०

सैद्धान्तिक बेरुजु

५४ **अनुगमन**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्दछ। निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकोले कार्यविधि अनुसार कार्य भएको छैन।

सैद्धान्तिक बेरुजु

५५ **एम. आई. एस. प्रणाली**

सामाजिक सुरक्षा भत्ता कार्यविधि २०७७ बमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित निकायको हुने व्यवस्था छ।यस पालिकामा मृत्यु दर्ता प्रमाणपत्र एवं बसाइसराइ गरेको विवरण समयमा प्राप्त हुने व्यवस्था गर्ने र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक गरी एक त्रैमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावली हटाइएको व्यक्तिको विवरण एम. आई. एस. प्रणालीमा समय समयमा अद्यावधिक गरी केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५६ **पारदर्शिता र जवाफदेहिता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानिय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्बन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर प्राप्त हुने बैङ्क र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया) स्थानिय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचारप्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानिय एफ एम लगायतका संचारका माध्यमहरुबाट प्रचारप्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेका साथै सम्बन्धित स्थानिय तहको वेभ साइटमा राख्नु पर्दछ। पालिकाले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरी सामाजिक सुरक्षा वितरण कार्यविधि पारदर्शी ढंगले सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५७ **सार्वजनिक सुनुवाई**

स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासो तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानिय तह कार्यालयमा पठाउनुपर्नेमा सो गरेको पाइएन। साथै पालिकाले सार्वजनिक सुनुवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

सैद्धान्तिक बेरुजु

५८ **लाभग्राहीको विवरण प्रविष्ट गर्ने**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत बाहेकका नविकरणका लागि लाभग्राही स्वयम् उपस्थित भई नियम निवेदन गरेकोमा वडा समितिबाट नविकरण भई आए पश्चाल (MIS) मा प्रविष्टी गरी नविकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नविकरण नभएका लाभग्राहीको लागत कट्टा गरी निजको पुन लाभग्राहीमा

सुचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीमा असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ ।पालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसार कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५९ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । शिक्षक दरवन्दी वमोजिम पदपूर्ति गर्नुपर्दछ ।

सि.नं	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	श्री राघुमाता मा वि साप्पाटा	७	७	५	६३१
२	श्री स्वामीकार्तिक मा वि वाई	१७	१६	५	५२६
३	श्री मण्डाली आ वि खोलीकोट	१	१	१	३८७
४	श्री शम्भुसुनन्दा मा वि जुकोट	९	९		३८४
५	श्री शम्भुसुनन्दा मा वि जुकु	८	८	१	३३७
६	श्री कुलादेवी मा वि वर्कु	२	२		२७२
७	श्री सूर्योदय आ वि जुकोट	२	२		२६०
८	श्री भैरवनाथ मा वि जेरा	७	७	१	२६२
९	श्री रुपाली आ वि माझपाटा	३	३		१९७
१०	श्री मण्डाली आ वि मुक्तिकोट	१	१		१६१
११	श्री कालीका आ वि फैता	३	३		१५१
१२	श्री हिमचुली आ वि मिगु	२	२		११६
१३	श्री रुपाली आ वि सुपाना	१	१	१	११२
१४	श्री भैरवनाथ आ वि जुकोट	४	४		१२५
१५	श्री चाखुडेथला आ वि जोरु	२	२		१०६
१६	श्री गंगादेवी आ वि छुद्दरी	२	२		८०
१७	श्री कोटेढुङ्गा आ वि बाहुनी	१	१	१	७३
१८	श्री कर्णाली आ वि छापु	२	२	१	५०

सैद्धान्तिक बेरुजु

६० **स्वंयसेवक शिक्षक करारमा नियुक्त**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम स्थानीय तहलाई दिएको शिक्षा सम्बन्धी अधिकारमा गाउँपालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिँदैन। त्यस्तै अन्तर सरकारी वित्त

व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ भने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० मा अनुमती प्राप्त गरी संचालनमा रहेका र कुनैपनि दरबन्दी तथा राहात अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्न अनुदान दिन सकिने व्यवस्था छ। उल्लेखित व्यवस्था विपरित पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका विभिन्न विद्यालयको लागि स्वयंसेवक शिक्षक करारमा नियुक्ति गरी यस वर्ष रु ९५८०५९८ सम्वन्धित २१ विद्यालयलाई राश्वव वाडफाड शिर्षक वाट निकासा दिएको छ। माथि उल्लिखित व्यवस्था विपरित पालिकाले आफ्नो आन्तरिक आयको स्रोत न्युन भएको अवस्थामा करारमा स्वयंसेवक शिक्षक नियुक्ति गरेको कानुन सम्मत देखिँदैन।

सैद्धान्तिक बेरुजु

६१ **स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले पी आर कस्मेटिक एण्ड किरान स्टोर वाट बाट १७९१३ थान स्यानिटरी प्याड रु ११९९९७७।०० (मु अ कर समेत) मा खरिद गरेको छ।

• पालिकाले खरीद गरेको स्यानिटरी प्याड विधालयलाइ हस्तान्तरण गरी विधालयहरुले सम्वन्धित छात्राहरुको नाम नामेसी खुल्ने गरी वितरण गरेको अभिलेख प्रमाण पेश हुनुपर्नेमा सो भएको पाइएन ।

• पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६२ **प्राविधिक विल र कार्यसम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६३ **परामर्श तथा डि पि आर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्यक्रमको नाम	परामर्श दाता	खर्च रकम	अध्ययन वाट निर्धारण गरिएको आयोजनाकोलागत
विभिन्न सडकहरुको डिपीआर	ईगल्श सोलुसन	14,43,400।	38,73,07,307।36
मण्डाली आ.वि डिपीआरु	एरो कन्सल्टेन्ट	4,97,200।	2,77,16,635।91
सडक डिपीआर	बारबारा ईन्जिनियरिङ्ग	10,28,300।	49,19,64,387।30
राघुमाता मा.वि. डिपीआर	पोखरा सोयल टेस्टिङ्ग	4,38,000।	7,95,34,205।73
स्वामिकार्तिकमा. वि. को डिपिआर	एडभान्स क्रिएटिभ ग्रुप इन्जीनियरिङ्ग प्रालि	४,३९,०००।	9,97,42,316।88
पिलु पादुका धार्मिक पदमार्गको डिपिआर	अस्त्रईन्जिनियरिङ्गकन्सल्टेन्सी प्रा लि	२,९६,६२५।	49,17,91,500।57
खाद्य संकलन तथा वितरण केन्द्रको डिपिआर	फाईभ स्टार इन्जीनियरिङ्ग सर्भिसेज	४,९५,५०५।	50106587.77।
कुलादेवी मा. वि. को डीपिआर	कान्जीरोवा इन्जीनियरिङ्ग सोलुसन्स	४,९६,६३५।	5,44,61,838।93
डि पि आर तयार खा पा हरुको	डि आर ईन्जिनियरिङ्ग एण्ड सप्लायर्स प्रा लि	४,८३,९३३।	1,24,60,208।65
	जम्मा	५६१८५९८	

सैद्धान्तिक बेरुजु

६४ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ।पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी वितरण गरेको भनि खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन ।अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।साथै अनुदान सम्बन्धमा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरि रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ । नमूना छनौटको रुपमा केहि भौचरको छनौट गर्दा देहायको कृषक समूहलाइ अनुदान वितरण गरेको पाइयो ।

समूह	कार्यक्रम	भुक्तानि
वाटारडाडा दलहन पकेट समिति	दलहन वालि निरन्तरता	१७२९१२।
फ्यूचर स्याउ कृषक समुह	पकैट विकास कार्यक्रम	१८७९१५।
रुपालि कृषि फर्म	दलहन पकेट विकास	१८८०५०।
जिविको पार्जन सुधार महिला समुह	जिविको पार्जन कार्यक्रम	१८५३००।

सैद्धान्तिक बेरुजु

६५ **यातायात सुविधा**

४१२।०७९।११।२६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४८ न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।कानुनमा व्यवस्था नभएको यातायात सुविधा न्यायिक समितिका पदाधिकारी लाइ भुक्तानी गरेको देखिएकोले नपाउने सुविधा वापतको रकम असुल गर्नुपर्ने रु

क्र स	पदाधिकारीको नाम	वैठक संख्या	यातायात सुविधा प्रति वैठक ५००
१	उपाध्यक्ष मैना जोशी	४२	२१०००।००
२	सदस्य पूर्ण वहादुर कैला	४२	२१०००।००
३	सदस्य दिपक महतारा	४२	२१०००।००
	जम्मा		६३०००।००

असुल गर्नुपर्ने	६३,०००

६६ **मूल्य अभिवृद्धि करमा दर्ता नभएका सँग कारोवार**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले वीस हजार रुपैँया भन्दा बढी रकमको खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिवृद्धि दर्ता प्रमाणपत्र प्राप्त फर्म संग मात्र खरिद गर्नुपर्ने उल्लेख छ। पालिकाले मूल्य अभिवृद्धि कर लाग्ने विभिन्न मालसामान खरिद गर्दा एकै दिन वा २/३ दिन भित्र बीस हजार भन्दा कमको विल बनाई मूल्य अभिवृद्धि करमा दर्ता नभएका संग खरिद गरेको देखियो। पालिकाले नियममा भएको व्यवस्था विपरित मूल्य अभिवृद्धि कर दर्ता नभएका संग खरिद गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

गो भौ न र मिति	फर्म	विवरण	भुक्तानि रकम
३१।०७९।६।१२	न्यू अटो पार्टस	सवारी साधन मर्मत	२२४०३८।००
१३७।०७९।८।२७	रेडियो वुढि नन्दा	सूचना प्रकाशन	१५७१५०।००
३२९।०७९।११।०३	शसि पूर्णिमा हार्डवयर	सवारी साधन मर्मत	५५५००।००
४००।०७९।११।१८	रेडियो अपी एफ एम	सूचना प्रकाशन	१५००००।००

सैद्धान्तिक बेरुजु

६७ **प्रधान्मन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा १७ योजना सञ्चालन गरी यस वर्ष २६४ जनालाई औसत १०० दिनले १६०० दिन रोजगारी उपलव्ध गराई रु १५२३२८००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६९ **फोहोर मैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७० **सम्वन्धित फर्मलाइ भुक्तानि**

पालिकाले मालसामन खरिद र निर्माण कार्य लगाएत अन्य खर्चको रकम भुक्तानि गर्दा सम्वन्धित व्यक्ति फर्म,आपूर्तिकर्ता र निर्माण व्यवसायीको नाममा भुक्तानि गर्नु पर्नेमा पालिकाले विभिन्न मालसामान खरिदको भुक्तानि गर्दा सम्वन्धित फर्मको नाममा भुक्तानि नगरी सप्लाइ गर्ने व्यक्तिलाइ भुक्तानि गरेको देखियो । पालिकाले खरिद वापत रकम भुक्तानि गर्दा सप्लाइ गर्ने व्यक्तिलाइ नभइ फर्मको नाममा भुक्तानि गर्नु पर्दछ ।

गो भौ न	फर्मको नाम	भुक्तानि लिनेको नाम	रकम
४४।०७९।६।१३	प्रिति टेड्रिङ्ग लि	मनलाल ल्वार	४००००।००
५१।०७९।६।२४	एलिशा जनरल स्टोर	पदम वहादुर रोकाय	१३८६००।०
१०७।०७९।७।२३	ग्यालेक्सी इलेक्ट्रिकल वाँके	राजन राज रेग्मी	२९५००।००
२०८।०७९।९।११	वैष्णवि इन्टरप्राइजेज	दिवश भण्डारी	१३४६७०।००

सैद्धान्तिक बेरुजु

अनुगमन लेखापरीक्षण

७१ सम्परीक्षण सम्वन्धमा

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु २१ करोड ४० लाख ५० हजार मध्ये रु ३ करोड ८८ लाख ३३ हजार ६०० फर्स्यौट गरी सम्परीक्षणका लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण भइ लगत कट्टा भएको जानकारी गराइन्छ ।

आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको संक्षिप्त व्यहोरा	सम्परीक्षणको व्यहोरा	रकम	कैफीयत
२०७८। ७९	२७.४	विभिन्न तालिम कार्यक्रममा नर्मस भन्दा वढी प्रशिक्षक भत्ता भुक्तानि भएको रु (पारश बहादुर शाही रु.११७३०, भक्त बहादुर कैलारु.११७३०, डिल्ली बहादुर वलीरु.७१४०, नरेश रोकाया रु.४७६०, भरत रोकायारु.४७६०, नन्दलाल महतारा/ उमेश शाही रु.५४४०, हरी वि.क रु.४१६५)	वढी भुक्तानि दाखिला भएको प्रमाण पेश	४९,७२५	असुल
२०७८। ७९	३१	औषधि खरिद गर्दाको विल भुक्तानिमा अग्रिम कर कट्टी नगरेको (जयलाल शाही)	कर कट्टि रकम दाखिला प्रमाण पेश	१२,५१८	असुल
२०७८। ७९	२७.२	जेठ र असार महिनाको तलव बढी भुक्तानी भएको रु (मन बहादुर वि. क.)	वढी तलव भुक्तानि असुल भएको ।	६७,४००	असुल
२०७८। ७९	७.१	संघिय सरकार शसर्त रु १३४२६०२६।९० विशेष रु ४२९०९६४।८६ समपूरक रु १४५०००००।०० प्रदेश सरकार विशेष रु ९२२२३६।४८ समपूरक रु ५५५८२७५।५० जम्मा रु ३८६९७५०३।७४	संचित कोषमा दाखिला भएको प्रमाण पेश	३,८६,९७,५०३। ७४	दाखिला प्रमाण पेश
२०७८। ७९	४१	किशान फर्निसिङ हाउसको मु अ कर समायोजन प्रमाण पेश नभएको	समायोजनको प्रमाण पेश भएको	६,४५४	प्रमाण पेश
जम्मा रकम				३,८८,३३,६००। ७४	

(ख) अद्यावधिक बेरुजुको अवस्थाः यस **स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा** को २०७९।८० सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju	यो वर्ष कायम बेरुजू(C) beruju	संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju
१	२१४०५००००	३८८३३६००।००	२६५२६७१६	०	

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : स्वामिकार्तिक खापर गाउँपालिका, बाजुरा , स्वामी कार्तिक गाउँपालिका , बाजुरा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Amar Bahadur Rokaya	२०७९-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	Khambir Bahadur Budha	२०७९-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
९७६,१०४	१३,९२३,१७०	६,२९९,४४२	०	०	५,३२८,०००
				जम्मा बेरुजु रकम	२६,५२६,७१६
				लेखापरीक्षणको क्रममा असुली रु	७७४,६१३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८०५८३३४०.३९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२८६५२६२०२.५३	**चालु खर्च**	३०५४७३६७०.३६
प्रदेश सरकारबाट अनुदान	१२००२७८०.९१	**पूँजीगत खर्च**	१८२६१०३१७
राजश्व बाँडफाँट	५२४८३६५९.६६	**वित्तीय/अन्य व्यवस्था**	४४५७७३९.६
आन्तरिक आय	१४०९२१४.८		
अन्य आय	७१८५२२४१		
कुल आय	४२४२७४०९८.९	**कुल खर्च**	४९२५४१७२६.९६
बाँकी मौज्दात		१२३१५७१२.३३	

अनुसूची - २

सि. नं.	लेखापरीक्षण क्षेत्र	लेखापरीक्षण गरिएका विषय
१	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
२	ठेक्का तथा खरिद व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन
३	सिलवन्दी दरभाउपत्रवाट खरिद	खरिद व्यवस्थापन
४	सोझै खरिद	खरिद व्यवस्थापन
५	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
६	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।	११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।
७	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा
८	शिक्षा तर्फ	शिक्षा तर्फ
९	कृषि तथा पशुतर्फ	कृषि तथा पशुतर्फ
१०	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
११	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
१२	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
१३	तालिम र कार्यक्रम खर्च	तालिम र कार्यक्रम खर्च
१४	विविध	लेखापरीक्षणको दौरानमा देखिने विषय